"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

पत्र संख्या: २०८३/०८४
चलानी नः

कोशी प्रदेश , नेपाल
मिति: २०८३/०५/१८
ने.स. ११४६ गुंलागा सप्तमी विहिवार

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१८ गते**

यस चैनपुर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पुर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एक जना अपाङ्गता सहायकता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैङ्क भौचरको/ राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस चैनपुर नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. **विज्ञापन नः-** ०१/०८३-०८४
२. **पदः-** अपाङ्गता सहायकता सहजकर्ता (अपाङ्गता भएका व्यक्ति मात्रै)
३. **माग संख्याः-** १ जना
४. **सेवाको किसिमः-** करार सेवा
५. **दरखास्त बुझाउने अन्तिम मितिः-** २०८३/०६/०१ (विज्ञापन भएको मिति देखि १५ दिन भित्र )
६. **उम्मेद्वारको छनौट विधिः-** प्रत्यक्ष मौखिक अन्तर्वाता तथा अन्य विविध पक्षको मूल्याङ्कन
७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः-** चैनपुर नगरपालिका, चैनपुर नगर कार्यपालिकाको कार्यालय, चैनपुर, संखुवासभा ।(कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी कार्यालयमा बुझाउनु पर्ने)
८. **परीक्षा दस्तुरः-** रू ३००।— (तीन सय रूपैया मात्र)
९. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** बैंक भौचर वा राजस्व तिरेको भौचर फाराम साथ पेश गर्नुपर्नेछ
१०. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः-** मिति २०८३/०६/०४ गते, दिनको २.०० बजे, चैनपुर नगरपालिका कार्यालयमा ।
११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारस समितिमा निहित रहनेछ ।



**ओमकार प्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा

स्थापना: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी नं:

कोशी प्रदेश , नेपाल
मिति: २०८३/०५/१८
ने.स. ११४६ गुंलागा सप्तमी विहिवार

१२. मासिक तलवः करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्यूनतम योगयताः

क) नेपाली नागरिक ।

ख) अपाङ्गता भएका व्यक्ति ।

ग) मान्यता प्रांप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभाषे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

..................
ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत